महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

IHRICON

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १८ अङ्क : १६ महिना : साउन-असोज, २०७५

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन हत्या, घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, बोक्सी आरोप, दाइजो, घरनिकाला जस्ता अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ ।

अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेको छैन । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेको छैन ।




यसै सन्दर्भमा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हरेक महिना महिला तथा बालबातिकामाथि भएका हिंसाका अखबारमा आएका घटनालाई अभिलेखनगरी बुलेटिनको रुपमा तयारपारी सार्वजनिक गर्दै आइरहेको छ ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरु गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, अन्नपूर्ण दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशित हिंसामा महिला र बालबालिकासँग सम्बन्धीत समाचारको अनुगमन गर्दा २०७५ को साउन, भदौ र असोज महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका समाचारहरु ४६ वटा प्रकाशित भएका छन् । प्रकाशित समाचारका अनुसार ५६ वटा घटना भएको पाइएको छ । त्यसमध्ये हिंसामा परेका महिलाको संख्या १६ वटा रहेका छन् भने बालबालिकाको संख्या ४० रहेको छ । प्रकाशित समाचारमा

अनुसार १६ बालबालिको हत्या भएको छ । त्यसैगरी ५ महिलाको हत्या भएको छ । बलात्कार, बोक्सी आरोमा कुटपीट, सामूहिक बलात्कार, यातना लगायतका घटनाहरु पनि प्रकाशित भएका छन् ।

## हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार तीन महिनाको अबधिमा १६ वटा महिला हिंसासँग सम्बन्धीत घटना घटेको पाइएको छ । त्यसमध्ये ५ महिलाको हत्या भएको छ, भने ३ महिलाले आत्महत्या गरेका छन् । त्यसैगरी ३ महिला बोक्सीको आरोपमा हिंसा भोग्न बाध्य भएका छन् । २ महिला बलात्कारको शिकार भएका छन् । बलात्कार भएका मध्ये एक महिलालाई सामूहिक बलात्कार गरेको समाचारमा उल्लेख छ । कुटपिट, हत्या प्रयास र यातनाबाट पीडित महिलाको संख्या १-१ रहेको छ ।



## हिंसामा बालबालिका :

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ४० वटा पहिचान गरेका छन् । प्रकाशित समाचार अनुसार १६ बालबालिको हत्या भएको पाइएको छ । १६ बालिका बलात्कारको शिकार बनेकी छन् । त्यसमध्ये २ बालिकाको सामूहिक बलात्कार भएको छ । दुई बालिकालाई यौन शोषणकालागि बन्धक बनाएको पनि समाचारमा उल्लेख छ । ३ बालबालिकाको आफ्नै आमा बाबुले हत्याको प्रयास गरेको पनि समाचारमा उल्लेख छ । प्रेम गरेको आरोपमा आमा बाबुले नै एक बालिकालाई घर निकाला गरेको समाचार पनि यो अबधिमा प्रकाशित भएको छ ।



**क्षेत्रगत आधारमा :**

तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. (१) ७, प्रदेश नं. (२) ७, प्रदेश नं. (३) ९, प्रदेश नं. (४) ७, प्रदेश नं. (५) ५, प्रदेश नं. (६) ३ र प्रदेश नं. (७) ८ वटा गरी जम्मा ४६ वटा समाचार प्रकाशित भएका छन् ।





थप जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. **०१- ५५४४२०५, ५२६१९०४** मा सम्पर्क गर्न अनुरोध छ ।